# श्री त्रिकोण सामुदायिक वन उपभोक्ता समुह

हुप्सेकोट ०१, नवलपरासी (व.सु.पुर्व)

गोलिया काठ बोलपत्रद्वारा लिलामविक्रि सम्वन्धि सूचना

(तेश्रो पटक प्रकाशित मिति २०८२/०१/२२)

दल बहादुर सीती मगर
अध्यक्ष
त्रिकोण सा.व.उ.स.

यस सामुदयिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रवाट आ.व. २०८०।०८१ मा उत्पादन भई समुहको घाटगद्दिमा रहेको निम्न लटहरुको साल तथा अन्य गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटकको लागी यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम वन पैदावारमा आधारित उद्योगको रुपमा दर्ता तथा नविकरण भएका तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भएका उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा तेश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्यक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र सामुदायिक वन समूहको कार्यालय वा डिभिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**१. लिलाम बिक्री हुने वन पैदावरको विवरण :**

| लट नं. | जात/किसिम | ग्रेड | थान | परिमाण ( क्यु.फि.) | प्रति ईकाई न्युनतम मुल्य रु. | मुल्यांकन रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | साल/गोलिया | ए | ४ | ६९.८२ | १,२५०/- | ८७,२७५/- | | |
| | | बी | ७ | ९७.५७ | ९००/- | ८७,८१३/- | | |
| | | सी | ९८ | ३५७.५७ | ६००/- | २,१४,५४२/- | | |
| | | डी | ५६ | १२७.३२ | ३००/- | ३८,१९६/- | | |
| | जम्मा | | १६५ | ६५२.२८ | | ४,२७,८२६/- | ८८,९७१/- | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८२/०२/०५ गते कार्यालय समय सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२/०२/०६ गते, दिनको ठिक ४ :०० बजे सम्म । बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्रसाथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको **राष्ट्रिय वाणिज्य वैंक कावासोती शाखा रहेको यस समूहको खाता नं.३२००१००००१६५४००१** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टि समावेश हुनु पर्नेछ ।

४. बोलपत्रको लागि लट अनुसार रु १,०००/- पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावर यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिन्छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदाता प्रमाणपत्रको प्रतिलिपि, उधोग सुचिकृत/नविकरण प्रमाणपत्र प्रतिलिपि बोलपत्रका साथ पेश गर्नुपर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नविकरण भएको हुनु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्याका र रित पुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/०८ गते दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन बिदा परे सो को भोलि पल्ट खोलिनेछ ।

८.वन पैदावर कटान मुछान गर्दा लागेको खर्च घाटगद्दी सम्मको ढुवानी र पाईलिङ वापतको सबै संकलन खर्च छुट्टै बुझाउनु पर्ने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैचालिस) दिन भित्र सकार रकम, कटान मुछान खर्च तथा यिमानुसार लाग्ने करहरु समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावर तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र साकार गरिएको रकम अंक र अक्षरमा दवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहको कार्य समितीमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

दल बहादुर सोती मगर
अध्यक्ष
त्रिकोण सा.व.उ.स.